## निर्णयहरू

बैठक संख्या: ८

मिति:२०८०/०७/२४

| सि नं | विषय | निर्णय |
|---|---|---|
| १ | समीक्षा सम्बन्धमा | मिति २०८०।०७।०३ गते बसेको कार्यपालिकाको बैठकको निर्णय कार्यान्वनको समीक्षा गरियो। |
| २ | मापदण्ड/कार्यबिधि स्विकृत सम्बन्धमा। | लेटाङ नगरपालिकामा आवश्यक देहायका कार्यबिधि र मापदण्ड स्विकृत गर्ने।<br>१.लेटाङ नगरपालिकाको श्रमिक सञ्चालन कार्यबिधि,२०८०<br>२.पिकअप भेन सञ्चालन कार्यबिधि,२०८०<br>३.कार्यस्थलमा हुने यौनजन्य दुर्व्यहार (निवारण) आचार संहिता,२०८० |
| ३ | चौमासिक समिक्षा बैठक सम्बन्धमा। | आर्थिक बर्ष:२०८०/८१ को बार्षिक बजेट,नीति तथा कार्यक्रमको प्रथम चौमासिक समिक्षा बैठक मिति:२०८०/०८/०७ गतेका दिन गर्ने। |
| ४ | योजना सम्झौता अवधी सम्बन्धमा। | आर्थिक बर्ष २०८०/८१ मा योजना किताबमा उल्ललेख भएका उपभोक्ता समितिबाट संचालन हुने सबै योजनाहरूको योजना सम्मझौता गर्ने अन्तिम मिति:२०८०/०९/१५ गतेसम्ममा अनिवार्य रूपमा सम्झौता गरिसक्नुपर्ने। अन्यथा योजना सम्झौता गरी कार्य अगाडी बढाउन कार्यालय बाध्य नहुने। |
| ५ | भुकम्प पिडितलाई सहयोग सम्बन्धमा। | नेपालको जाजरकोट जिल्लामा केन्द्रबिन्दु बनाई मिति:२०८०/०७/१७ गते शुक्रबार राती ११ बजेर ४७ मिनेट जाँदा ६.४ म्याग्निट्यूडको भुकम्पले गर्दा ठूलो जनधनको क्षति भएकाले भुकम्प पिडितहरूलाई राहातका लागि बढि क्षतीभएको २ जिल्ला जाजरकोट र रूकुम पश्चिमको जिल्ला विपद् व्यवस्थापन कोषमा रू १/१ लाख गरी जम्मा २ लाख सहयोग प्रदान गर्ने। (श्रोत:बिपद व्यवस्थापन कोष) |
| ६ | बैकल्पिक उर्जा(सुधारिएको चुलोमा साझेदारी) | नेपाल सरकार उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा आशयपत्र माग गर्नुपर्ने भएकाले लेटाङ नगरपालिकामा देहायको प्राथमिकता क्रम रहने गरी आशयपत्र पठाउने।<br>**प्राथमिकता क्रम:**<br>१.बिद्युतिय चुलो<br>२.तह ३ को सुधारिएको चुलो<br>३.घरायसी बायोग्यास |
| ७ | फोकल पर्सन सम्बन्धमा। | यस नगरपालिकालाई बिपक्षी बनाइ लगाइएको सबै मुद्दाको सम्बन्धमा पेसी तारेक धाउन, अदालतले बोलाएको समयमा उपस्थिति जनाउनका लागि यस लेटाङ नगरपलिकाको न्यायीक समितिमा कार्यरत कर्मचारी श्री सर्मिला भट्टराईलाई फोकल पर्सन तोक्ने। |
| ८ | नदिजन्य पदार्थको ठेक्का सम्बन्धमा। | मिति:२०८०/०७/२४ गते लेटाङ नगरपालिकाको क्षेत्र भित्रको स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण मध्ये चुरेक्षेत्रमा पर्ने बाहेक तपसिल बमोजिमका खोलाको तपसिल |

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

<table>
<tr><td></td><td></td><td>बमोजिमको परिमाणको नदिजन्य सामाग्रीहरू उत्खन्न तथा विक्री गर्नका लागि विद्युतीय माध्यमबाट गरिएको टेन्डर आहवान अनुमोदन गर्ने।<br><u>तपसिल:</u>
<table>
<tr><td>खोलाको नाम</td><td>नाकाको नाम</td><td>उत्खन्न गर्न मिल्ने परिमाण</td><td>रकम</td></tr>
<tr><td>चिसाङ</td><td>लेटाङ</td><td>७४८८०/-</td><td rowspan="3">रू३९४१४८१६/-<br>१३% भ्याट<br>रू५१२३९२६।०८<br>गरी जम्मा: रू४४५३८७४२/-</td></tr>
<tr><td>मोरडी</td><td>मोरडी</td><td>१३४४०/-</td></tr>
<tr><td>तेली</td><td>तेली</td><td>७१२८०/-</td></tr>
</table>
</td></tr>
<tr><td>९</td><td>डोर हाजिरिमा कर्मचारी लिने</td><td>यस लेटाङ नगरपलिकामा करारमा कार्यरत इन्जिनियरले प्रदेश लोकसेवा आयोगबाट असिस्टेन्ट सब इन्जिनियर पदमा सिफारिस भइसकेकाले उक्त पद रिक्त भएको तथा सो रिक्त पदमा एक जना सिभिल इन्जिनियर र एक जना सब इन्जिनियर डोरहाजिरिमा लिइ कामकाजमा लगाउने।</td></tr>
<tr><td>१०</td><td>हेरालुको म्याद थप सम्बन्धमा।</td><td>लेटाङ कानेपोखरी सडक खण्डमा मासिक पारिश्रमिक प्रदान गरी सडक व्यवस्थापनका लागि हेरालु राखिएकोमा निजको म्याद असार मसान्त सम्मलाई थपगर्ने।</td></tr>
<tr><td>११</td><td>भेरिएसन अर्डर अनुमोदन सम्बन्धमा।</td><td>यस नगरपालिकाको लेटाङ कानेपोखरी सडक मर्मत(ठेक्का नं.LM/MOR/NCB/W/10/079/0870) आयोजना कानेपोखरी गाउँपालिकाको क्षेत्रभित्र पर्ने सडक खण्डमा साइट प्याकिङ गर्नुपर्ने भनी कानेपोखरी गाउँपालिकाको चं.नं.४९६ मिति:२०८०/०७/१४ गतेको पत्रबाट लेटाङ नगरपालिकाको सम्झौताको प्याकेजमै राखी रू२,५०,०००/- बराबरको कार्य गरिदिनुहुन भनी लेखी आएकोले उक्त कार्यको लागि यस नगरपालिकाको मिति:२०८०/०७/१९ को निर्णबाट भेरिएसन आदेश स्वीकृत भएकाले उक्त भेरिएसन आदेशलाई अनुमोदन गर्ने।</td></tr>
<tr><td>१२</td><td>साझेदारी सम्बन्धमा।</td><td>यस नगरपालिकामा अवस्थित सामुदायिक विकास मञ्च (सि.डि.एफ) ले मिति:२०८०/०७/२२ गतेका दिन तिन दिने स्थानीय तहका जनप्रतिनिधि र पालिका कर्मचारीहरूलाई नगरपालिकाको कार्य सम्पादन र क्षमता अभिवृद्धि तालिम संञ्चालनक लागि साझेदारी बजेट माग गरेकोमा संघसंस्थाहरू संग साझेदारी बजेट शिर्षकबाट रू२,४६,०००/- साझेदारी रकम बिनियोजन गर्ने।</td></tr>
<tr><td>१३</td><td>बजेट बिनियोजन</td><td>लेटाङ नगरपालिका वडा नं ९ मा कार्यालय भवन सर्नेगरी बनाउनका लागि देहायको खर्च भएकाले उक्त खर्चको भुक्तानीका लागि बजेट बिनियोजन गर्ने।<br>१. वडा कार्यालयको आवश्यक सामाग्री तथा विविध सामाग्री खरिदका लागि रू१८५०२२/-(श्रोत:मसलन्द तथा कार्यालय सामाग्री खर्च )<br>२. वडा कार्यालयमा पार्टेसन गर्न लागेको खर्च रू९८,६४९/- (अन्य सम्पत्तीको मर्मत सम्भार)</td></tr>
</table>

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| १४ | भुक्तानी प्रदान गर्ने | वडा नं ७ को खानी भन्ने ठाउँमा फेला परेको बेवारिसे लासलाई उठाउनेदखि सदगत गर्न लागेको कुल खर्च रू३२१००/- भुक्तानी प्रदान गर्ने। |
| १५ | प्राथमिकता क्रम परिवर्तन सम्बन्धमा। | आर्थिक बर्ष:२०८०/८१ को स्विकृत योजना किताबमा प्राथमिकता क्रम २ मा परेको सुत्र सि.नं ७६७ भएको ८५% अनुदानमा हाईब्रिड तरकारीको बिउ बितरण कार्यक्रमलाई प्राथमिकता क्रम १ मा सार्ने। |
| १६ | चाडपर्व सम्बन्धमा। | हिन्दुहरूको महान चाड दिपावलीको अवसरमा मनाइने देउसी भैलो कार्यक्रम सन्दर्भमा लेटाङ नगरपालिका क्षेत्रभित्रको शान्ती सुरक्षाको बिषयलाई मध्यनगर गर्दै तपसिल बमोजिमको गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने।<br>तपसिल:<br>१.देउसी, भैलो खेल्ने साथै नाँच गान गर्ने कार्य राती १० बजे सम्म मात्र गर्ने।<br>२.होटल व्यावसायहरू राती १० बजे सम्म मात्र संञ्चालन गर्ने। |
| १७ | स्टक प्रमाणित सम्बन्धमा। | लेटाङ नगरपालिकामा बिभिन्न क्षेत्रमा स्टक गरी राखिएको नदिजन्य पदार्थको स्टक प्रमाणित गरी स्टक क्लियरेन्स गर्ने समयअवधी आ.व.२०८०/८१ को नदिजन्य पदार्थको ठेक्का सम्झौता नहुन्जेल सम्मका लागि कायम गर्ने। |
| १८ | राजश्व सचेतना कार्यक्रम सम्बन्धमा। | लेटाङ नगरपालिका क्षेत्रभित्र राजश्वको सचेतना कार्यक्रम प्रत्येक वडा वडामा मङसिर तेस्रो हप्तामा संचालन गर्ने। |
| १९ | बैकल्पिक सडक सम्बन्धमा। | लेटाङ नगरपलिकाको मुख्य चोक बि.पि. चोक हुँदै नदिजन्य पदार्थ ओसार पसार हुने गरेकोमा दुर्घटनाको जोखिम रहेकाले उक्त क्षेत्रभन्दा अन्यत्र क्षेत्रबाट बैकल्पिक व्यवस्था हुने गरी सडक व्यवस्थापनका लागि अध्ययन गरी आगामी कार्यपालिकामा पेश गर्न भौतिक पूर्वाधार समितिलाई जिम्मेवारी प्रदान गर्ने। |
| २० | खेलकुद प्रतियोगिता सम्बन्धमा। | १.लेटाङ नगरपलिकाको क्षेत्रभित्र संचालित १४ वटा संस्थागत विद्यालयहरूमा अध्ययनरत करिब ४५०० बिद्यार्थिहरूको बार्षिक रूपमा मनाइने PABSON Sport Meet खेलकुद प्रतियोगिता संचालनका लागि सहयोग रकम माग भएकोमा रू ५०००० प्रदान गर्ने। (श्रोत:खेलकुद प्रतियोगिता सञ्चालन)<br>२.लेटाङ नगरपालिका वडा नं ४ मा अवस्थित लेटाङ सितोरियो कराते (डो जो) क्लब लाई प्रथम लेटाङ जुनियर आमन्त्रित मोरङ जिल्ला स्तरिय कराते च्याम्पियनसिप संञ्चालनका लागि सहयोग माग भएकोमा रू २५००० प्रदान गर्ने। (श्रोत: खेलकुद प्रतियोगिता सञ्चालन) |
| २१ | परामर्श सेवा सम्बन्धमा। | लेटाङ नगरपालिकामा अन्तराष्ट्रिय सम्बन्ध संचालन र प्रवर्धन गर्न नगरमा भएको जनशक्ती मात्र प्रयास नभएकाले उक्त क्षेत्रमा परामर्श सेवा खरिद गरी अन्तराष्ट्रिय क्षेत्रमा सम्बन्ध स्थापित गर्न रू ५००,०००/- बिनियोजन गर्ने। (श्रोत:पुँजिगत अनुसन्धान तथा परामर्श) |

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| २२ | बजेट बिनियोजन सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ७ को समलामा अवस्थित श्री ज्ञानज्योति प्राथमिक विद्यालयको रङ्गरोगन तथा वाइरिङ्गको कामका लागि बजेट आवश्यक भएको भनी माग आएकोमा प्राविधिक स्टमेट बमोजिम रङ्ग रोगन तथा वाइरिङ्ग कार्यका लागि रू१७४०००/- बिनियोजन गर्ने। (श्रोतः निर्मित सार्वजनिक सम्पतिहरुको मर्मत सम्भार खर्च) |
| २३ | आर्थिक सहयोग सम्बन्धमा। | लेटाङ नगरपालिकामा बिगत बर्षहरू झै छठ पुजा समारोह समिति मार्फत छट पुजा संञ्चालन भएको र उक्त पुजाको लागि आर्थिक सहयोग गरिदिनुहुन भनी यस कार्यालयमा माग निवेदन प्राप्त भएको हुँदा उक्त समितिलाई छटपर्व समारोह संञ्चालनका लागि रू३०००० प्रदान गर्ने। (श्रोतः कार्यक्रम खर्च बाट) |

नगर प्रमुख